# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

सानोठिमी, भक्तपुरको

# स्तर निर्धारण तथा प्रत्यायन प्रक्रियामा सहभागिताको लागि आवेदन आह्वानसम्बन्धी सूचना

**प्रकाशित मिति २०८२।१२।१३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन/स्वीकृति लिई प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाहरूमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सुनिश्चित गर्ने उद्देश्यले शिक्षण संस्थाहरूको स्तर निर्धारण तथा प्रत्यायन प्रक्रिया सुरु गरिएको छ । स्तर निर्धारण तथा प्रत्यायन म्यानुअल, २०८२ को अनुसूची-८ बमोजिम न्यूनतम योग्यता पुरा गरेका इच्छुक शिक्षण संस्थाहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र परिषद् कार्यालयको अनलाइन ठेगाना https://qaa.qualitytvet.org.np/ मार्फत तयार गरिएको द्रुत मूल्याङ्कन (Rapid Assessment) फाराम भरी न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको स्व-घोषणासहित देहायका कागजातहरू अपलोड गरी आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**अपलोड गर्नुपर्ने आवश्यक कागजातहरू**

(क) प्रत्यायन प्रक्रियामा सहभागिताका लागि व्यवस्थापन (सञ्चालक) समितिको निर्णय,

(ख) आन्तरिक गुणस्तर सुनिश्चितता समितिको गठन भएको निर्णय,

(ग) सम्बन्धित व्यावसायिक परिषद्का विज्ञसहितको टोलीबाट गरिएको अनुगमन प्रतिवेदन,

(घ) शिक्षण संस्थाको सम्बन्धन तथा नवीकरण प्रमाणपत्र,

(ङ) स्वीकृत विद्यालय सुधार योजना,

(च) पछिल्ला दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(छ) कम्तीमा दुई ब्याच स्नातक भएको पुष्टि हुने कागजात,

(ज) आवेदन शुल्क बापतको रु. २,०००।- (अक्षरेपी दुई हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा परिषद् कार्यालयको खाता नम्बर १७३०१००००००००६ मा जम्मा गरेको भौचर वा डिजिटल भुक्तानीको रसिद ।

पुनश्च: म्यानुअलमा तोकिएबमोजिम न्यूनतम योग्यता पुरा भएको सुनिश्चित भएका शिक्षण संस्थाहरूलाई प्रत्यायनको थप प्रक्रियामा सहभागी गराइनेछ । स्तर निर्धारण तथा प्रत्यायन म्यानुअल, २०८२ र यो सूचना परिषद् कार्यालयको वेबसाइट www.ctevt.org.np बाट समेत प्राप्त गर्न सकिने छ ।

**थप जानकारीको लागि**

**स्तर निर्धारण तथा प्रत्यायन समितिको सचिवालय**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर

फोन नम्बर: ०१-५११८५०४, ६६३०४०८

इमेल: **accreditation.ctevt@gmail.com**